धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०९ ◆ २०८३ कात्तिक १८ बुधबार ◆ Wednesday, November 4, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

तिहारमा प्लास्टिकका फूलमाला बिक्रीमा रोक, प्राकृतिक फूलका लागि २६ स्थान तोकिए

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । काठमाडौं महानगर पालिकाले तिहारमा प्लास्टिकजन्य फूलमाला तथा सजावटका सामग्रीको बिक्री तथा वितरणमा रोक लगाएको छ ।

महानगरपालिकाले मंगलबार सूचना जारी गरी प्लास्टिकजन्य फूल, माला तथा सजावटका सामग्री बिक्रीवितरण नगर्न व्यवसायी, व्यापारी तथा सर्व-साधारणलाई आग्रह गरेको छ । त्यस्ता सामग्री बिक्री गरेको पाइएमा जफत गरिने चेतावनी पनि महानगरले दिएको छ । नेपाली किसानले उत्पादन गरेका प्राकृतिक फूल तथा मालाको बिक्रीवितरणका लागि महानगर पालिकाले २६ स्थान तोकेको छ । ती स्थानमा बानेश्वर, शङ्खमूल, चाबहिल, तीनकुने, सिफल, बत्तीसपुतली, स्वयम्भू, कालीमाटी, कलङ्की, नयाँ बजार, माछापोखरी, हाँडीगाउँ, सामाखुसी, महाराजगञ्ज, गोंगबु, तथा चप्पल कारखाना, बालुवाटार, कमलादी, पुतलीसडक, अनामनगर, टेवहाल, सुन्धारा, न्यूरोड, लगन, जैसीदेवल र भृकुटीमण्डप रहेका छन् । महानगरपालिकाले तोकिएका स्थानमा नेपाली किसानले उत्पादन गरेका फूलमाला बिक्री गर्न व्यवसायीलाई आग्रह गरेको छ । बिक्री व्यवस्थापन तथा सो को सहजीकरणका लागि महानगर प्रहरी बल परिचालन गरिने सूचनामा उल्लेख छ ।

तिहार सुरक्षामा विशेष योजना, थप ५० हजार प्रहरी परिचालन

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । तिहार तथा छठ पर्वलाई लक्षित गर्दै नेपाल प्रहरीले देशभर सुरक्षा व्यवस्था कडा पारेको छ । चाडपर्वका समयमा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण, सडक दुर्घटना न्यूनीकरण र नागरिकको सुरक्षाका लागि प्रहरीले थप ५० हजार चार सय जनशक्ति परिचालन गरेको छ ।

नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक (डीआईजी) एवम् केन्द्रीय प्रहरी प्रवक्ता अबि नारायण काफ्लेका अनुसार दसैंदेखि नै लागू गरिएको सुरक्षा योजनालाई तिहारका लागि थप परिमार्जन गर्दै कडाइका साथ कार्यान्वयन गरिएको हो । असोज २१ गतेदेखि सञ्चालन मा रहेको सुरक्षा योजनाअन्तर्गत प्रदेश, जिल्ला तथा काठमाडौं उपत्यकामा कमाण्ड पोस्ट स्थापना गरी सुरक्षा गतिविधि सञ्चालन भइरहेका छन् ।

प्रहरी प्रधान कार्यालयले जिल्ला सुरक्षा समितिका निर्णय तथा स्थानीय सुरक्षा चुनौतीलाई आधार बनाएर कार्ययोजना तयार गरी मातहतका कार्यालयलाई निर्देशन दिइसकेको छ । सोहीअनुसार सम्बन्धित जिल्लाले आफ्नो क्षेत्रको अवस्थाअनुसार थप सुरक्षा गतिविधि समेटेर योजना कार्यान्वयन गरिरहेका छन् ।

प्रवक्ता काफ्लेका अनुसार तिहारका बेला भैंभगडा, मादक तथा लागुऔषध सेवन, होहल्ला, सार्वजनिक स्थानमा अवाञ्छित गतिविधि र प्रतिबन्धित पटका तथा विस्फोटक पदार्थको ओसारपसार र प्रयोगलाई प्रमुख सुरक्षा चुनौतीका रूपमा पहिचान गरिएको छ । यस्ता गतिविधि रोक्न प्रहरीले विशेष निगरानी र नियन्त्रणका उपाय अपनाएको छ । त्यसैगरी चाडपर्वको समयमा हुन सक्ने आर्थिक ठगी तथा अनलाइन ठगी नियन्त्रणका लागि प्रहरीका सम्बन्धित संयन्त्र परिचालन गरिएको छ । सामाजिक सञ्जालमार्फत फैलिन सक्ने भ्रामक सूचना, गलत सूचना तथा अन्य साइबर गतिविधिमाथि निगरानी राख्न साइबर ब्युरोलाई समेत तयारी अवस्थामा राखिएको काफ्लेले बताउनुभयो ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिमाथि हुन सक्ने हिंसा, दुर्व्यवहार र आपराधिक गतिविधि रोक्न पनि प्रहरीले विशेष ध्यान दिएको छ । उनीहरूको सुरक्षाका लागि राज्यले व्यवस्था गरेका संरक्षणसम्बन्धी प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने प्रहरीको भनाइ छ । तिहार मनाउन काठमाडौं उपत्यकाबाट बाहिरिने र पर्व सकिएपछि पुनः फर्किने यात्रुको चाप बढ्ने भएकाले प्रहरीले सडक सुरक्षालाई पनि प्राथमिकतामा राखेको छ । यात्रुको आवागमन बढ्दा हुन सक्ने दुर्घटना तथा मानवीय क्षति न्यूनीकरण गर्न विशेष सुरक्षा व्यवस्था मिलाइएको काफ्लेले जानकारी दिनुभयो ।

सवारीसाधन छुट्ने मुख्य स्थानमै यान्त्रिक अवस्था परीक्षण गर्ने, चालकको सवारीचालक अनुमतिपत्र जाँच गर्ने तथा चालकले मादक वा लागुऔषध सेवन गरे नगरेको परीक्षण गर्ने व्यवस्था गरिएको छ । यसबाट यात्राको सुरुआतमै सम्भावित जोखिम पहिचान गरी दुर्घटना रोक्ने प्रहरीको उद्देश्य छ ।

आँखा स्वास्थ्य सेवामा लगानी बढाउने मुख्यमन्त्री आचार्यको प्रतिबद्धता

दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशमा अन्धोपन तथा दृष्टिदोष न्यूनीकरण का लागि आँखा स्वास्थ्य सेवालाई प्राथमिकता दिँदै लगानी बढाउने बताउनुभएको छ ।

नेपाल नेत्रज्योति सङ्घले मंगलबार लमहीमा आयोजना गरेको आँखा स्वास्थ्य सेवा र कार्बन उत्सर्जनसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा उहाँले आँखा उपचार सेवाको पहुँच सबै नागरिकसम्म पुर्याउन प्रदेश सरकारले योजनाबद्ध रूपमा काम गर्ने बताउनुभयो । सङ्घले तयार पारेको पाँच वर्षे रणनीतिक योजना कार्यान्वयनमा पनि प्रदेश सरकारले प्राथमिकता दिने उहाँको भनाइ थियो । सङ्घको अध्ययनअनुसार लुम्बिनी प्रदेशमा ५० वर्ष वा सोभन्दा माथिका १३ हजार ९४ जना अन्धोपनबाट प्रभावित छन् । यस उमेर समूहमा दुवै आँखाको अन्धोपनको दर १.७ प्रतिशत छ । त्यस्तै, ६/१२ भन्दा कम दृश्य तीक्ष्णता भएका दुई लाख सात हजार ९५७ जना रहेका छन् ।

अध्ययनले विशेषगरी ग्रामीण तथा विपन्न समुदायमा आँखा उपचार सेवाको पहुँच असमान रहेको, दक्ष जनशक्तिको अभाव रहेको तथा उपचारपछिको अनुगमन प्रणाली कमजोर रहेको औंल्याएको छ ।

लुम्बिनी प्रदेशका पाँच र कर्णाली प्रदेशको एक गरी छ वटा अस्पतालमा गरिएको कार्बन उत्सर्जन सम्बन्धी अध्ययनले अस्पताललाई वातावरणमैत्री बनाउन बायोग्यास, इन्डक्सन र सौर्य ऊर्जाको प्रयोग बढाउन सुझाव दिएको छ ।

छठका लागि सरसफाइ गरिँदै घाट

❑ *प्रत्यूष समाचारदाता*

महोत्तरी । मिथिला क्षेत्रमा निष्ठा र भक्तिको पर्व छठको तयारी अघि बढेको छ ।

पर्वको मुख्यपक्ष अर्घ दिने घाट निर्माणका लागि अहिले जलाशय परिसर सरसफाइको कार्य थालिएको हो । यस वर्ष यही कात्तिक २९ गते छठ पर्व मनाइँदै छ । छठमा धार्मिक महत्वका नदी, तलाउ, पोखरी र कुण्डलगायतका जलाशयमा स्नान र सूर्यदेवलाई अर्घ्य दिइने परम्परा छ । अहिले महोत्तरीका १० नगरपालिका र पाँच गाउँपालिकासहितका १५ वटै स्थानीय तहका बस्ती नजिकका जलाशयमा धमाधम घाट निर्माण को तयारी अघि बढेको छ । त्यस क्रममा पौराणिक कालदेखि नै धार्मिक महत्वका जलेश्वरस्थित तलाउ पुरन्दरसर, वरुणसर र भार्गवसरको सरसफाइ थालिएको छ । रामायणकालमा राम सीताको विवाहमा वेदी बनाउन माटो खनिएको विश्वास गरिने मटिहानी-७ स्थित लक्ष्मीसागर र बलवा-९ धमौरास्थित ध्रुवकुण्डसहितका जलाशय धमाधम सरसफाइ गरिँदै छन् । यस्तै मटिहानी र भारतको मधवापुरका बासिन्दाले बिरही नदीमा संयुक्त घाट बनाउँदै आएका छन् । त्यसका लागि नेपाल-भारत सीमा क्षेत्रस्थित त्यस नदीमा करिब एक किलोमिटर लम्बाइमा छठ घाट निर्माणको काम थालिएको मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले बताउनुभयो । जिल्लाका ४० भन्दा बढी बस्तीलाई छुदै भारत झर्ने रातु नदीका ५० भन्दा बढी घाट निर्माण गरिँदै छन् । यस्तै माण्डवीगङ्गा (मडहा), स्वर्णमती (सोनी) र वरुणवती (बेलगाछी) नदी तटमा पनि घाट निर्माणका तयारी थालिएका छन् । छठ पर्वका लागि घाटमा पण्डाल, खानेपानी, शौचालय र बिजुली आपूर्तिका काम प्राथमिकताका हुन्छन् । ती काम कतिपय ठाउँमा स्थानीय तह, सामाजिक सङ्घसंस्था र समुदायकै तत्परतामा हुने गरेको लोहारपट्टी-४ का बासिन्दा सामाजिक अगुवा जीतेन्द्र चौधरीको भनाइ छ ।

जनआस्थाको पर्व छठमा घाट निर्माणको पक्ष निकै महत्व रही आएको छ । बर्तालुले सपरिवार घाटमै पुगेर पवित्र स्नान गर्ने र पर्वको मुख्यपक्ष अस्ताउँदा र उदाउँदा सूर्य र षष्ठी (छठी) देवीलाई अर्घ दिइने स्थापित चलनले त्यो काम धार्मिक महत्वको रहँदै आएको जलेश्वर-५ पतैलीका बासिन्दा मैथिल लोकसंस्कृतिका जानकार (संस्कृतिविद्) अवकास प्राप्त सहप्राध्यापक ध्रुव राय बताउनुहुन्छ । मिथिलामा चन्द्रमासको कात्तिक कृष्णपक्ष सुरु भएसँगै दीपावली पर्वको तयारी सुरु हुन्छ ।

छठ कात्तिक शुक्लपक्षको चौथीदेखि सप्तमीसम्म चार दिनको हुने भए पनि यससँग जोडिएका तयारी दीपावलीसँगसँगै गरिन्छन् । मिथिलामा लोकपरम्परा र संस्कृति सँग दीपावली र छठ मनमनसँग जोडिएको हुँदा अहिले सिङ्गो मिथिला क्षेत्र दीपावली र छठमय बनेको छ ।

प्रदेश प्रमुख खापुङलाई आदिवासी जनजाति आयोगको वार्षिक प्रतिवेदन

विराटनगर । कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङसमक्ष आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरले आर्थिक वर्ष २०८२/८३ को सातौँ वार्षिक प्रतिवेदन मंगलबार पेस गर्नुभएको छ । खापुङले संवैधानिक अधिकारप्राप्त आयोगको वार्षिक प्रतिवेदन वैज्ञानिक एवं व्यवस्थित रहेको बताउनुभयो । संविधानले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकार अनुसार आयोगले सूक्ष्म ढङ्गले काम गरिरहेको उल्लेख गर्दै उहाँले नेपालको भूगोलभित्र बसोबास गर्ने विविध जातजाति, भाषाभाषी, धर्म, संस्कृति र सभ्यता संरक्षणमा आयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनु भयो । सामाजिक न्याय र समावेशिताको सिद्धान्त कायम राख्नुपर्ने धारणा राख्दै प्रतिवेदनका मर्म, सिफारिस र सुझाव सरकारले कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिनुभयो । आयोगका अध्यक्ष थापा मगरले नेपालको कुल जनसङ्ख्याको ३४ दशमलव ८७ प्रतिशत आदि-वासी जनजाति रहेको जानकारी दिँदै उनीहरूमध्ये ६८ दशमलव नौ प्रतिशतले आफ्नै भाषा प्रयोग गर्ने गरेको जानकारी दिनुभयो ।

बघौडा अस्पताललाई स्वास्थ्य उपकरण हस्तान्तरण

चितवन । बागमती प्रदेश सरकारले जिल्लाको माडी नगरपालिका स्थित बघौडा अस्पतालको स्वास्थ्य सेवा थप प्रभावकारी र गुणस्तरीय बनाउने उद्देश्यले आधुनिक स्वास्थ्य उपकरण तथा महत्वपूर्ण औषधि उपलब्ध गराएको छ । बागमती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङ (ज्ञानुजङ्ग लामा)ले सोमबार एक कार्यक्रमबीच अस्पतालका लागि भिडियो एक्सरे मेसिन, अटोक्लेभ, एक्सरे लगायत आधुनिक स्वास्थ्य उपकरण तथा आवश्यक औषधि हस्तान्तरण गर्नुभएको हो । गत कात्तिक १३ गते बघौडा अस्पताल को निरीक्षणका क्रममा अस्पतालले भोगिरहेका स्वास्थ्य उपकरण तथा औषधिको अभावबारे जानकारी लिएपछि मन्त्री तामाङले तत्काल आवश्यक सामग्री उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएको थियो ।

सो अवसरमा मन्त्री तामाङले अस्पतालमा भिडियो एक्सरे, एक्सरे तथा अटोक्लेभजस्ता उपकरण उपलब्ध भएपछि बिरामी को परीक्षण, रोग पहिचान तथा उपचारमा थप सहजता हुने बताउनुभयो ।

हाल विशेषगरी सामान्य स्वास्थ्य परीक्षण तथा उपचारका



लागि भरतपुर धाउनुपर्ने स्थानीय वासीको बाध्यता कम गर्न यी उपकरण उपयोगी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

हस्तान्तरण कार्यक्रममा स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक वसन्त अधिकारी, स्वास्थ्य निर्देशनालयका निर्देशक नरेन्द्र कुमार झालगायतको उपस्थिति रहेको थियो । माडी चितवन राष्ट्रिय निकुञ्ज हुँदै जानुपर्ने नगरपालिका हो ।

सम्पादकीय ....

योगको महत्वलाई बुझौं

स्वस्थ जीवन नै मानिसको सबैभन्दा ठूलो सम्पत्ति हो । मानिस स्वस्थ रहन सके मात्र आफ्नो व्यक्तिगत, पारिवारिक तथा सामाजिक जिम्मेवारी पूरा गर्न सक्छ । पछिल्लो समय बदलिँदो जीवनशैली, असन्तुलित खानपान, शारीरिक निष्क्रियता, तनाव र व्यस्तताका कारण मानिसमा विभिन्न स्वास्थ्य समस्या बढ्दै गएका छन् । यस्तो अवस्थामा शरीर र मनलाई स्वस्थ राख्न योगको महत्व दिनप्रतिदिन बढ्दै गएको छ ।

योग पूर्वीय सभ्यताबाट विकसित भएको प्राचीन अभ्यास हो । योगले मानिसको शरीर, मन र आत्माबीच सन्तुलन कायम गर्न सहयोग पुऱ्याउँछ । नियमित योग अभ्यासले शरीरलाई लचिलो, बलियो र सक्रिय बनाउनुका साथै मानसिक रूपमा शान्त र सकारात्मक रहन मद्दत गर्छ । योग केवल शारीरिक व्यायाम मात्र नभई स्वस्थ जीवनशैली अपनाउने एउटा महत्वपूर्ण माध्यम पनि हो ।

नियमित योग अभ्यास गर्दा शरीरका विभिन्न अंग सक्रिय हुन्छन् यसले मांसपेशीलाई बलियो बनाउने, शरीरको लचकता बढाउने र शारीरिक सन्तुलन कायम राख्न सहयोग गर्छ । प्राणायाम तथा श्वासप्रश्वाससम्बन्धी अभ्यासले श्वासप्रश्वासलाई व्यवस्थित बनाउन मद्दत गर्छ त्यस्तै, नियमित शारीरिक गतिविधि र योगले तौल नियन्त्रण तथा मुटुको स्वास्थ्य सुधार गर्न पनि सहयोग पुऱ्याउन सक्छ ।

योगको अर्को महत्वपूर्ण पक्ष मानसिक स्वास्थ्य हो । पछिल्लो समय बालबालिकादेखि वृद्धवृद्धासम्म तनाव, चिन्ता, अनिद्रा र मानसिक असन्तुलनजस्ता समस्याबाट प्रभावित भइरहेका छन् । नियमित ध्यान, प्राणायाम र योग अभ्यासले तनाव कम गर्न, एकाग्रता बढाउन र मनलाई शान्त राख्न सहयोग गर्छ । विद्यार्थीका लागि पढाइमा ध्यान केन्द्रित गर्न तथा कर्मचारी र व्यवसायीका लागि कामको चाप व्यवस्थापन गर्न पनि योग उपयोगी हुन सक्छ ।

योग कुनै निश्चित उमेर वा वर्गका मानिसका लागि मात्र होइन । बालबालिका, युवा, महिला, पुरुष तथा ज्येष्ठ नागरिकले आफ्नो शारीरिक अवस्थाअनुसार योग अभ्यास गर्न सक्छन् । सबैले आफ्नो स्वास्थ्य अवस्था र क्षमताअनुसार उपयुक्त अभ्यास छनोट गर्नुपर्छ । विशेषगरी दीर्घरोग भएका, गर्भवती तथा शारीरिक समस्या भएका व्यक्तिले चिकित्सक वा योग प्रशिक्षकको सल्लाह लिनु आवश्यक हुन्छ ।

नेपालमा पनि योगप्रति जनचेतना बढ्दै गएको छ । विद्यालय, कार्यालय, स्थानीय तह तथा विभिन्न सामाजिक संस्थाले योगसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सके यसले स्वस्थ समाज निर्माणमा सहयोग पुऱ्याउन सक्छ । सरकारले पनि योग र शारीरिक गतिविधिलाई जनस्वास्थ्य अभियानका रूपमा प्रवर्द्धन गर्न आवश्यक छ ।

बिहान केही समय योग, ध्यान र प्राणायामका लागि छुट्याउने बानी बसाल्न सके शरीर र मन दुवैलाई स्वस्थ राख्न सहयोग पुग्छ । औषधि र उपचार आवश्यक पर्दा त्यसको विकल्प योग होइन, तर रोगबाट बच्न र स्वस्थ जीवनशैली अपनाउन योग एउटा प्रभावकारी सहयोगी माध्यम हो । त्यसैले निरोगी शरीर, शान्त मन र सकारात्मक सोच निर्माणका लागि सबैले योगलाई आफ्नो जीवनशैलीमा समावेश गरौं ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

चाडपर्वले बनायो चलायमान अर्थतन्त्र

अजयकुमार साह

दसैँ सकिएलगत्तै दीपावली, तिहार र छठ पर्व नजिकिएपछि मधेश प्रदेशसहित मुलुकभरका बजारमा किनमेल गर्ने उपभोक्ताको चहल-पहल बढेको छ । चाडपर्व लक्षित व्यापारिक गतिविधि विस्तार भएसँगै दैनिक उपभोग्य वस्तुदेखि लत्ता कपडा, गरगहना, विद्युतीय उपकरण र सवारीसाधनसम्मको कारोबार बढेको छ । यसले सुस्त रहेको बजारलाई चलायमान बनाउनुका साथै होटल, रेस्टुरेन्ट, यातायात र पर्यटन क्षेत्रको आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पारेको छ ।

मधेस प्रदेशको राजधानी जनकपुरधामसहित देशका प्रमुख सहरका बजारमा चाडपर्वका लागि आवश्यक सामग्री खरिद गर्ने उपभोक्ताको उपस्थिति बाक्लिएको छ । जनकपुरधामका शिवचोक, रामचोक, मुरलीचोक, जानकी चोकलगायतका व्यापारिक क्षेत्रमा विहानदेखि साँझसम्म किनमेल गर्नेको भीड देखिन थालेको छ । चाडपर्वमा नयाँ लुगा लगाउने, घर सजाउने, मिठाई तथा अन्य परिकार बनाउने र आफन्तलाई उपहार दिने परम्पराका कारण बजारमा विभिन्न वस्तुको माग बढेको व्यवसायी बताउँछन् ।

उपभोक्तालाई आकर्षित गर्न व्यापारीले मूल्यमा छुट, उपहार तथा विशेष प्याकेज सार्वजनिक गरेका छन् । विशेषगरी लत्ताकपडा, जुत्ता, इलेक्ट्रोनिक्स, फर्निचर र घरायसी सामग्रीका पसलमा चाडपर्व लक्षित योजना सञ्चालन भइरहेका छन् । उपभोक्ताले पनि दसैँपछि दीपावली, तिहार र छठका लागि आवश्यक सामग्री खरिद गर्ने भएकाले बजारमा कारोबारको चाप बढेको छ ।

साउन सङ्क्रान्तिपछि तीजबाट सुरु हुने चाडपर्वको आर्थिक गतिविधि दसैँ हुँदै तिहार र छठसम्म जारी रहने गरेको छ । नेपाली समाजमा चाडपर्व केवल धार्मिक तथा सांस्कृतिक महत्त्वमा सीमित नभई पारिवारिक भेटघाट, सामाजिक सम्बन्धको नवीकरण र आर्थिक कारोबार विस्तारको अवसरसमेत बन्ने गरेका छन् । परिवारका सदस्य तथा आफन्त एकै ठाउँमा भेला हुने, मीठोमसिनो खाने, नयाँ लुगा लगाउने र मान्यजनबाट आशीर्वाद लिने परम्पराले उपभोगमा वृद्धि गराउँछ ।

जनकपुरधाममा लामो समयदेखि अर्थशास्त्र अध्यापन गर्दै आउनुभएका सञ्जय साहका अनुसार चाडपर्वका बेला घरपरिवारको खर्च बढ्ने र व्यवसायीले पनि ग्राहक आकर्षित गर्न विभिन्न छुटका योजना ल्याउने भएकाले बजारमा वस्तु तथा सेवाको माग बढ्छ । उहाँले चाडपर्वमा हुने खर्चले उत्पादन, वितरण र बिक्रीको प्रक्रियालाई सक्रिय बनाउने बताउनुभयो । उहाँका अनुसार चाडपर्वमा उपभोक्ता ले सामान्य समयको तुलनामा बढी खर्च गर्ने भएकाले व्यापारिक कारोबारमा वृद्धि हुन्छ । यद्यपि, यसको प्रभाव वस्तुको आपूर्ति, उपभोक्ताको क्रयशक्ति र बजारमा उपलब्ध मूल्यमा समेत निर्भर रहने उहाँको भनाइ छ ।

व्यापारको वार्षिक चक्रमा चाडपर्वको योगदान

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले चाडपर्वको कारोबारले वर्षभरिको व्यापारिक चक्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । उहाँका अनुसार चाडपर्वमा उपभोक्ताले दैनिक आवश्यकताका वस्तुका साथै लामो समयसम्म प्रयोग हुने टिकाउ सामग्री खरिद गर्ने प्रवृत्ति बढेको छ । फर्निचर, विद्युतीय उपकरण तथा अन्य घरायसी सामग्री खरिद गर्न उपभोक्ताले चाडपर्वमा उपलब्ध हुने छुट र सहुलियतको प्रतीक्षा गर्ने गरेका छन् । यसका कारण चाडपर्वको समयमा यस्ता वस्तुको बिक्री बढ्ने गरेको उहाँले बताउनुभयो । चाडपर्वको प्रभाव परम्परागत खुद्रा व्यापारमा मात्र सीमित छैन । इन्टरनेट सेवा प्रदायक, सञ्चार क्षेत्र, होटल, रेस्टुरेन्ट तथा ट्राभल एजेन्सीले समेत ग्राहक आकर्षित गर्न विशेष प्याकेज ल्याउने गरेका छन् । घर जाने तथा आफन्तसँग भेटघाट गर्नेको सङ्ख्या बढ्दा यातायात सेवाको माग बढ्ने गरेको छ भने घुर्माफिर र पारिवारिक जमघटका कारण होटल तथा रेस्टुरेन्ट व्यवसायले पनि लाभ लिने गरेका छन् ।

नेपाल उद्योग परिसङ्घ मधेश प्रदेशका अध्यक्ष प्रमोद साहले दसैँ, तिहार र छठका बेला आम्दानी तथा खर्च दुवै बढ्ने भएकाले आर्थिक गतिविधिले गति लिने बताउनुभयो । उहाँका अनुसार सरकारी तथा निजी क्षेत्रका कर्मचारीले पाउने तलब, चाडपर्व खर्च र अन्य आम्दानीले बजारमा नगद प्रवाह बढाउँछ । त्यस्तै, सर्वसाधारणले वर्षभरि बचत गरेको रकम चाडपर्वमा खर्च गर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको माग विस्तार हुन्छ । चाडपर्वमा हुने खर्चले बजारमा कारोबार बढाए पनि त्यसबाट अर्थतन्त्रमा दीर्घकालीन लाभ लिन उत्पादन, रोजगारी र स्थानीय व्यवसायसँगको सम्बन्ध बलियो बनाउनुपर्ने उहाँको भनाइ छ ।

नेपाल चेम्बर अफ कमर्स मधेस प्रदेशका अध्यक्ष विजयकुमार साहले चाडपर्वको समयमा दैनिक उपभोग्य वस्तुको माग बढ्ने र व्यापारिक गतिविधि विस्तार हुने बताउनुभयो । "दसैँमा सरकारी तथा निजी क्षेत्रमा काम गर्नेले तलबका अतिरिक्त चाडपर्व खर्च पाउँछन् । उनीहरूले गर्ने खर्चले बजारमा किनमेल बढाउँछ," उहाँले भन्नुभयो । चाडपर्वका बेला बजारमा हुने कारोबारले आर्थिक गतिविधिलाई सक्रिय बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ । उहाँका अनुसार चाडपर्वमा उपभोक्ताको माग बढ्दा व्यापारी, ढुवानी व्यवसायी, श्रमिक र विभिन्न सेवा प्रदायकले समेत काम पाउने अवसर बढ्छ ।

ग्रामीण बजारदेखि सहरी व्यापारसम्म प्रभाव

मधेश प्रदेशका आठवटै जिल्लाका बजारमा चाडपर्वको चहलपहल बढेको छ । सहरी क्षेत्रका ठूला व्यापारिक केन्द्रदेखि ग्रामीण बजारसम्म लत्ताकपडा, खाद्यान्न, मिठाई, पूजासामग्री र घरायसी वस्तुको बिक्री बढेको व्यवसायी बताउँछन् । क्षीरेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेश यादवका अनुसार दसैँअघि र चाडपर्वको मुख्य समयमा हुने कारोबार सामान्य समयको तुलनामा निकै बढी हुन्छ । उहाँले चाडपर्व लक्षित छुट तथा आकर्षक योजनाका कारण पनि बजारमा रौनक बढेको बताउनुभयो ।

उहाँका अनुसार चाडपर्वको समयमा उपभोक्ताको खर्च गर्ने प्रवृत्ति बढ्ने भएकाले व्यवसायीका लागि यो अवधि महत्त्वपूर्ण हुन्छ । वर्षभरि हुने कारोबारमध्ये ठूलो हिस्सा चाडपर्वको समयमा हुने भएकाले व्यवसायीले यस अवधिलाई विशेष महत्त्व दिने गरेका छन् । यद्यपि, बजारमा चहलपहल बढ्दैमा सबै व्यवसायीको नाफा समान रूपमा बढ्छ भन्ने हुँदैन । वस्तुको खरिद मूल्य, ढुवानी खर्च, पसल भाडा, प्रतिस्पर्धा र उपभोक्ताको क्रयशक्तिले व्यवसायको प्रतिफल निर्धारण गर्ने गर्छ । त्यसैले बिक्री बढे सँगै व्यवसायीले लागत व्यवस्थापन र उपभोक्तालाई उचित मूल्यमा वस्तु उपलब्ध गराउनुपर्ने आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण छ ।

जनकपुरधाममा दसैँदेखि छठसम्म सञ्चालन हुने सस्ता बजारले उपभोक्तालाई एउटै स्थानमा विभिन्न सामग्री खरिद गर्ने अवसर दिएका छन् । यस्ता बजारमा स्थानीय तथा राष्ट्रिय उत्पादनको बिक्री बढ्दा साना व्यवसायी, घरेलु उद्यमी र स्थानीय उत्पादकले समेत लाभ लिन सक्ने अपेक्षा गरिएको छ ।

विप्रेषण र चाडपर्व खर्चले बढायो बजारको माग

चाडपर्वको समयमा बजार मा माग बढ्नुको अर्को महत्वपूर्ण आधार वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण हो । वैदेशिक रोजगारीमा रहेका नेपालीले चाडपर्व मनाउन तथा घरपरिवारको खर्च व्यवस्थापन गर्न रकम पठाउने क्रमले उपभोगमा सहयोग पुऱ्याउँछ । विशेषगरी मधेश प्रदेशका ग्रामीण क्षेत्रमा परिवारका सदस्यले विदेशबाट पठाएको रकमले लत्ताकपडा, खाद्यान्न, घरायसी सामग्री र अन्य आवश्यक वस्तु खरिद गर्न सहयोग गर्ने गरेको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामा विप्रेषण आप्रवाह दुई खर्ब १५ अर्ब पाँच करोड रुपियाँ पुगेको छ । यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.२ प्रतिशतले बढी हो । विप्रेषणको रकम घरपरिवारको दैनिक खर्च, शिक्षा, स्वास्थ्य, आवास तथा अन्य आवश्यकतामा उपयोग हुने भएकाले यसले समग्र उपभोग र बजारको मागमा प्रभाव पार्छ । चाडपर्वका बेला घरपरिवारको खर्च थप बढ्ने हुँदा विप्रेषणबाट प्राप्त रकमको केही हिस्सा बजारमा प्रवाह हुने गर्छ ।

त्यस्तै, विदेशमा रहेका नेपाली चाडपर्व मनाउन स्वदेश फर्किने क्रम बढ्दा हवाई सेवा, सार्वजनिक यातायात, होटल तथा रेस्टुरेन्टमा यात्रुको चाप बढ्ने गर्छ । यसले यातायात र आतिथ्य सेवासँग सम्बन्धित व्यवसायलाई थप कारोबारको अवसर प्रदान गर्छ तर बजारमा हुने सबै खर्च उत्पादनमूलक क्षेत्रमा रूपान्तरण नहुने भएकाले चाडपर्वको आर्थिक प्रभावलाई दिगो बनाउन स्थानीय उत्पादनको उपभोग, रोजगारी सिर्जना र साना उद्यमको प्रवर्द्धन आवश्यक रहेको अर्थशास्त्रीहरूको धारणा छ ।

स्थानीय उत्पादनमा जोड

चाडपर्वमा माग बढेसँगै बजारमा मूल्यवृद्धि, कृत्रिम अभाव, गुणस्तरहीन वस्तुको बिक्री र म्याद गुज्रिएका सामग्रीको कारोबार हुनसक्ने जोखिम पनि रहन्छ । यस्तो अवस्थामा उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउन बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।**

जलवायु परिवर्तनको असरबारे सचेत बनौं ।
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

मन्त्री रावलद्वारा झापाका सुकुम्बासीको गुनासो सुनुवाइ

झापा । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले झापाका भूमिहीन, अव्यवस्थित बसोबासी तथा सुकुम्बासीको समस्या बुझ्न स्थलगत भ्रमण गरी जनगुनासो सुन्नुभएको छ ।

सोमबार र मंगलबार उहाँले दमक, कनकाई, अर्जुनधारा र बुद्धशान्तिका बस्तीमा पुगेर स्थानीयसँग समस्या र समाधानका विषयमा छलफल गर्नुभयो । आज बुद्धशान्ति गाउँपालिका-४ को सुकुम्बासी बस्तीमा पुग्नुभएकी मन्त्री रावलले सरकारले सुकुम्बासी समस्या स्थायी रूपमा समाधान गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने बताउनुभयो । उहाँले बुद्धशान्ति गाउँपालिकाका सुकुम्बासीलाई आगामी दुई महिनाभित्र लालपुर्जा वितरण गर्ने आश्वासन दिनुभयो । स्थानीयले मन्त्रीसमक्ष लामो समयदेखि लालपुर्जा पाउन नसकेको गुनासो राखेका थिए ।

झापा निर्वाचन क्षेत्र नं १ का सांसद रमेश प्रसाईंले जिल्लामा सुकुम्बासी समस्या समाधानको काम अपेक्षाकृत हुन नसकेकाले मन्त्री स्वयं स्थलगत भ्रमणमा आउनुपरेको बताउनुभयो । उहाँले मन्त्रीको भ्रमणले वर्षौंदेखि लालपुर्जा पाउन नसकेका नागरिकमा जग्गाको स्वामित्व प्राप्त गर्ने आशा जागेको उल्लेख गर्नुभयो ।

सोमबार झापा पुगेलगत्तै मन्त्री रावलले जिल्ला प्रशासन कार्यालयमा जिल्लाका १५ वटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत सँग छलफल गरी सुकुम्बासी समस्या समाधानका लागि तीव्र गतिमा परिणाममुखी काम गर्न निर्देशन दिनुभएको थियो ।

मेलमिलाप प्रक्रिया सरल र कम खर्चिलो बनाइनेछः मन्त्री गौतम

काठमाडौँ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले मेलमिलाप प्रक्रियालाई सरल, सहज र कम खर्चिलो बनाउने उद्देश्यले मेलमिलापसम्बन्धी ऐन संशोधन गर्न लागिएको बताउनु भएको छ ।

प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको मंगलबारको बैठकमा मेलमिलाप सम्बन्धी (दोस्रो संशोधन) विधेयकमाथिको छलफलमा उहाँले दूरदराजमा स्नातक तह उत्तीर्ण गरेका मेलमिलापकर्ता उपलब्ध नभएमा कम्तीमा माध्यमिक तह उत्तीर्ण व्यक्तिले पनि मेलमिलापकर्ता को भूमिका निर्वाह गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको जानकारी दिनुभयो ।

उहाँले फौजदारी कानुन आकर्षित हुने विषयबाहेक वाणिज्य, व्यापार तथा व्यक्तिगत प्रकृतिका विवाद मेलमिलापबाट समाधान गर्न सकिने बताउनुभयो । मेलमिलापबाट विवाद समाधान गर्दा समय र खर्च घट्नुका साथै दुवै पक्षलाई चित्त बुझ्दो न्याय निरूपण गर्न सहज हुने उहाँको भनाइ थियो ।

स्वास्थ्य संस्थामा आवश्यकता अनुरुप अस्थायी दरबन्दी थपिनेछ : थापा

हेटौँडा । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रदेशका स्वास्थ्य संस्थामा जनशक्ति अभाव समाधान गर्न अस्थायी दरबन्दी थप्ने तयारी भइरहेको बताउनुभएको छ । प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा मंगलबार हेटौँडामा आयोजित आर्थिक वर्ष २०८२ र ०८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमको प्रदेशस्तरीय एकीकृत वार्षिक समीक्षा गोष्ठीको उद्घाटन गर्दै उहाँले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) सम्पन्न भइसकेकाले आवश्यकता का आधारमा कर्मचारी व्यवस्थापन गरिने बताउनुभयो । मुख्यमन्त्री थापा मगरले प्रदेशका अस्पताल, जनस्वास्थ्य कार्यालय तथा आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा पर्याप्त जनशक्ति उपलब्ध गराउन नसकिए को स्वीकार गर्दै अस्थायी दरबन्दी थपेर सेवा प्रवाहलाई सहज बनाइने बताउनुभयो । उहाँले प्रदेशको कुल बजेटको चार दशमलव पाँच प्रतिशत मात्र स्वास्थ्य मन्त्रालयमा विनियोजन भएको उल्लेख गर्दै सीमित बजेटबाट १३ प्रादेशिक अस्पताल, १३ आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र १३ जनस्वास्थ्य कार्यालयलगायत निकाय सञ्चालन गर्नुपर्ने अवस्था रहेको जानकारी दिनुभयो ।

मुख्यमन्त्री थापा मगरले प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा विस्तार भइरहेको उल्लेख गर्दै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुरोगसम्बन्धी सेवा सञ्चालनका लागि क्याथल्याब स्थापना गर्न बजेट विनियोजन गरिएको बताउनुभयो ।

हेलिकप्टर दुर्घटनाः मृतक र घाइतेको पहिचान

सोलुखुम्बु । सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-४ फेरुचेमा दुई हेलिकप्टर एकापसमा ठोक्किँदा मृत्यु भएका भारतीय नागरिकसहित घाइते तीन जनाको पहिचान खुलेको छ ।

हेलिकप्टर दुर्घटनामा भारत-तमिलनाडु राज्य अन्तर्गत चेन्नईका ४७ वर्षीय वसन्तकुमार बलरामुडुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ । मृतकको शव प्रभु एयरको हेलिकप्टरमार्फत लुक्ला ल्याइएको छ । पाइलट रवीन्द्र प्रजापति, डाइनेस्टी एयरका पाइलट प्रजल केसी र भारतीय मूलका न्युजिल्यान्डका नागरिक ४९ वर्षीय सेलिसकिसन पटेललाई प्रभु एयर को हेलिकप्टरमार्फत उद्धार मेडिसिटी अस्पताल लगिएको छ ।

लगानीलाई प्रतिस्पर्धी नभई परिपूरक बनाउनुपर्छ : उपाध्यक्ष भट्ट

काठमाडौँ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष गुणाकर भट्टले मुलुकको विकासलाई सन्तुलित, समावेशी र विकेन्द्रित बनाउन सार्वजनिक तथा निजी क्षेत्रको लगानीलाई प्रतिस्पर्धी नभई परिपूरक बनाउनुपर्नेमा जोड दिनु भएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार आयोजना गरेको कार्यक्रममा उपाध्यक्ष भट्टले सार्वजनिक लगानीको प्रभावकारिता र प्रतिफल बढाउनुपर्नेमा जोड दिँदै सरकारले निजी क्षेत्रको लगानी आकर्षित हुन नसकेका क्षेत्रमा पूर्वाधार तथा अन्य आवश्यक सुविधा उपलब्ध गराएर लगानीको वातावरण बनाउनुपर्ने बताउनुभयो । उहाँले नेपालको विकासलाई विकेन्द्रित गर्दै पछाडि परेका क्षेत्र र प्रदेशसम्म विकासको प्रतिफल पुर्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो । उपाध्यक्ष भट्टले सार्वजनिक लगानी गर्दा आर्थिक प्रतिफल, सामाजिक प्रतिफल र वातावरणीय जोखिमलाई एकसाथ मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो । विकास आयोजनाको छनोट र कार्यान्वयनमा वातावरणीय जोखिम लाई बेवास्ता गर्न नहुने उल्लेख गर्दै उहाँले एउटै नदीमा धेरै जलविद्युत् आयोजना निर्माण हुँदा प्राकृतिक विपद्का समयमा क्षति बढ्न सक्ने अवस्थाप्रति ध्यानाकर्षण गराउनुभयो । त्यस अवसरमा नेपाल सरकारका पूर्वमुख्यसचिव बैकुण्ठ अर्यालले 'नेपालमा सार्वजनिक लगानीको सुदृढीकरण : प्राथमिकता र रणनीतिहरू' विषयमा प्रस्तुति करण दिनुभयो । उहाँले नेपालको सार्वजनिक लगानीलाई उत्पादन मूलक, प्रतिफलमुखी र प्राथमिकता मा आधारित बनाउनुपर्ने मा जोड दिनुभयो । सरकारले सबै क्षेत्रमा आफैं लगानी गर्नेभन्दा पनि आधारभूत पूर्वाधार निर्माण, मानव पुँजी विकास र निजी क्षेत्रको लगानी प्रवर्द्धनमा केन्द्रित हुनुपर्नेमा उहाँको जोड थियो ।

अर्यालले कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधि तथा साना र मझौला उद्योग लगानीका सम्भावित क्षेत्र भएको उल्लेख गर्दै कृषिमा निर्वाहमुखी प्रणालीबाट व्यावसायिक उत्पादनतर्फ रूपान्तरण, प्रविधिको प्रयोग, भण्डारण तथा आपूर्ति प्रणालीको विकास आवश्यक रहेको उल्लेख गर्नुभयो ।

त्यस्तै पर्यटन क्षेत्रमा ब्रान्डिङ, प्याकेजिङ र खर्चालु पर्यटक आकर्षित गर्ने रणनीति आवश्यक रहेको उहाँको भनाइ थियो ।पूर्व मुख्य सचिव अर्यालले सार्वजनिक संस्थानको लगानी र व्यवस्थापनमा समेत पुनरावलोकन गर्नुपर्ने धारणा राख्नुभयो । नेपालका ४५ सार्वजनिक संस्थानमध्ये १६ वटा घाटामा रहेको तथ्य प्रस्तुत गर्दै उहाँले संस्थानको रणनीतिक महत्तव र कार्यसम्पादनका आधारमा वर्गीकरण गर्नुपर्ने सुझाव दिनुभयो । कमजोर अवस्थामा रहेका संस्थानलाई व्यवस्थापन करार, निजीकरण वा खारेजीमध्ये उपयुक्त विकल्पमार्फत व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ छ ।

प्रमुख प्रशासकीय अधिकृत नियन्त्रणमा

भक्तपुर । मध्यपुर थिमि नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिएपछि पालिकाको काममा केही दिनका लागि समस्या हुने भएको छ ।

नगरपालिकाका सूचना अधिकारी केशव सिलवाललेे लामोसमयसम्म पालिकाको काममा अप्ठेरो नहुने बताउनुभयो । नगरपालिकाबाट निस्किएको बागमती प्रदेश ०१-०३५ च २६८७ नम्बरको टाटा इभी कार निकोसेरा स्थित अजिमा पेट्रोल पम्प नजिकै अख्तियारको टोलीले घिमिरेलाई नियन्त्रणमा लिएको थियो । कार जाँच गर्ने क्रममा शङ्कास्पद नगद रकम फेला परेपछि चालकसहित कारमा सवार भुवन ढुङ्गेल र उनकी श्रीमतीलाई अख्तियारले नियन्त्रणमा लिएको हो । उक्त कारबाट रु ३३ लाख बरामद भएको थियो । सो रकम प्रमुख प्रशासकीय अधिकृत घिमिरेले घुसवापत लिई व्यवस्थापन का लागि ढुङ्गेललाई दिएको अख्तियार को दावी छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ अनुसार प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको प्रशासनिक प्रमुखका रूपमा रहने व्यवस्था छ । उहाँले नगर पालिकाको दैनिक प्रशासन सञ्चालन, नगर सभा तथा कार्य पालिका को सचिवका रूपमा काम गर्ने, सभा तथा कार्य पालिकाका निर्णय कार्यान्वयन गर्ने, कर्मचारी प्रशासन सञ्चालन गर्ने तथा आर्थिक प्रशासन र बजेट कार्यान्वयन सम्बन्धी जिम्मेवारी निर्वाह गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई प्रभावकारी बनाउने, कर्मचारीबीच समन्वय गर्ने तथा नगरपालिकाको चलअचल सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी समेत प्रमुख प्रशासकीय अधिकृतको रहने कानुनी व्यवस्था छ ।

भेरी अस्पतालमा श्वासप्रश्वाससम्बन्धी विशिष्टीकृत सेवा सुरु

नेपालगञ्ज । भेरी अस्पताल नेपालगञ्जले फोक्सो तथा निद्रासम्बन्धी विभिन्न जटिल रोगको उपचारका लागि विशिष्टीकृत सेवा सुरु गरेको छ ।

उक्त सेवाबाट फोक्सो तथा श्वासप्रश्वास सम्बन्धी दीर्घरोगी र निद्रासम्बन्धी समस्या भएका बिरामी लाभान्वित हुने डा रञ्जीत पाण्डेले जानकारी दिनुभयो । डा पाण्डेका अनुसार विशिष्टीकृत सेवा अन्तर्गत दीर्घकालीन दम, पुरानो खोकी, श्वासप्रश्वास, छातीमा पानी जम्ने, क्षयरोग, फोक्सो बाथ रोग तथा फोक्सो सुक्ने समस्या लगायतका रोगको उपचार तथा परामर्श सेवा उपलब्ध हुनेछ । त्यस्तै, सुत्दा घुर्ने, निद्राका क्रममा श्वासप्रश्वास रोकिने, निद्रा लागिरहने तथा पर्याप्त सुते पनि शरीर ताजा महसुस नहुनेजस्ता समस्याको पहिचान र उपचार हुने अस्पतालले जनाएको छ ।

क्षयरोगका बिरामीको उपचार तथा औषधि प्रतिरोधी र औषधिप्रति संवेदनशील क्षयरोगका विषयमा आवश्यक परामर्शसमेत प्रदान गरिने उहाँको भनाइ छ । त्यस्तै, निमोनियालगायतका गम्भीर बिरामीको सघन उपचार, भेन्टिलेटर मा रहेका बिरामीको व्यवस्थापन तथा भेन्टिलेटरबाट बाहिर निकाल्ने सम्बन्धमा आवश्यक उपचार र परामर्शमा समेत विशिष्टीकृत सेवा प्रदान गरिने डा पाण्डेले जानकारी दिनुभयो ।

डा पाण्डेले फोक्सो सम्बन्धी रोगको उपचारसँगै अस्पतालको सघन उपचार सेवालाई थप प्रभावकारी बनाइने समेत बताउनुभयो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा नवीन दर्नालले विशेषज्ञ चिकित्सकमार्फत सुरु गरिएको सेवा यस क्षेत्रका बिरामीका लागि महत्वपूर्ण हुने बताउनुभयो ।

सो क्रममा कुराकानी गर्नुहुँदै उहाँले फोक्सो सम्बन्धी दीर्घरोग, फोक्सोको क्यान्सर तथा निद्रा सम्बन्धी समस्या भएका बिरामीलाई लक्षित गरी आजैदेखि विशेष क्लिनिक सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालले प्रदान गरेको विशिष्टी कृत सेवाबाट फोक्सो सम्बन्धी विभिन्न जटिल तथा दीर्घरोगको उपचारका लागि टाढा जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ ।

निर्माण थालिएको १० वर्षमा पनि बनेन क्रिकेट मैदान



महेन्द्रनगर । कञ्चनपुरको महेन्द्रनगर स्थित कवर्डहल परिसरमा विसं २०७२ मा क्रिकेट मैदान निर्माण सुरु भए पनि अझै पूरा हुन सकेको छैन । महेन्द्रनगरबाट राष्ट्रियस्तरमा चर्चित खेलाडी दीपेन्द्रसिंह ऐरीदेखि दर्जनभन्दा बढी खेलाडी उत्पादन भए पनि खेलाडीले अझै यहाँ खेल पूर्वाधार भने पाउन नसकेको कञ्चनपुर जिल्ला क्रिकेट सङ्घका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले बताउनुभयो ।

एक वर्षभित्र निर्माण पूरा गर्नुपर्ने क्रिकेट मैदान रकम अभावकै कारण एक दशकपार गर्दा पनि बन्न नसकेको उहाँले बताउनुभयो । "निर्माण थालिए यता विभिन्न समयमा गरेर रु डेढ लाख बजेट आए पनि मैदानमा माटो भरानमै सकियो ।" अध्यक्ष चन्दले भन्नुभयो, "यो पटक भने राष्ट्रिय खेलकुद परिषद्ले रु तीन करोड बजेट विनियोजन गरेर ठेक्का आह्वानको प्रक्रियामा छ ।" दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, भीम सार्की, सन्दी पजोरा लगायत का विभिन्न खेलाडीहरुको गृहनगर महेन्द्रनगरमा खेल संरचना बन्ने आशामा वर्षौं कुर्नुपरेको छ । "तीन करोडको ठेक्का भएर काम थालेपछि अर्को वर्षदेखि नै हाम्रो खेलाडीले क्रिकेट मैदानमा खेल्न र प्रतियोगिता सञ्चालन गर्न सक्ने हुन्छ", अध्यक्ष चन्दले भन्नुभयो, "क्रिकेट मैदानका लागि जिल्ला खेलकुद समितिको गुरुयोजनाअनुसार नै अघि बढेका छौं ।"

उहाँले निर्माणाधीन क्रिकेट मैदानको जमिनमा माटो भरानमै रकम खर्च भएको बताउनुभयो । "बजेट आएको भए उहिल्यै मैदान बनिसक्थ्यो ।" चन्दले भन्नुभयो, "कञ्चनपुरसँगै सुदूरपश्चिममै क्रिकेटको गतिलो पूर्वाधार नरहेको अवस्था छ ।" पछिल्लो समय क्रिकेट प्रतिको आकर्षण बढिरहेका बेला सङ्घ र प्रदेश सरकारले त्यसमा लगानी गर्नुपर्ने जिल्ला खेलकुद समितिका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंहको भनाइ छ । "जारी एनपीएलमा कञ्चनपुर का मात्रै १३ जना खेलाडी विभिन्न टिमबाट खेल्दै छन्", अध्यक्ष सिंहले भन्नुभयो, "हरेक राष्ट्रिय तथा क्रिकेट संस्करणमा हाम्रा खेलाडीको उपस्थितिले कञ्चनपुर क्रिकेटको प्रतिभावान् खेलाडी जन्माउने जिल्लाका रुपमा परिचित छ भन्ने देखाउँछ ।" उहाँले कञ्चनपुरमा क्रिकेटलगायत खेल पूर्वाधार निर्माणमा राज्यको प्राथमिकतामा पर्नुपर्नेमा जोड दिनुभयो । "प्रदेश सरकारको लगानीमा बहुउद्देश्यीय कर्वडहल पनि बन्दै छ ।" सिंहले भन्नुभयो, "बृहत छैटौं राष्ट्रिय खेलकुद हुँदा यहाँ क्रिकेट पिचबाहेक क्रिकेट खेलका अरु संरचना बन्न सकेनन् ।

आत्महत्या न्यूनीकरणमा सञ्चारमाध्यमको जिम्मेवार भूमिका आवश्यक

ललितपुर । आत्महत्याको जोखिम न्यूनीकरणका लागि सञ्चारमाध्यम र सञ्चारकर्मीले जिम्मेवार तथा संवेदनशील भूमिका निर्वाह गर्नुपर्नेमा मानसिक स्वास्थ्य विज्ञ तथा सरोकारवालाले जोड दिएका छन् ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गत राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सोमबार राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रमा आयोजना गरेको आत्महत्या सम्बन्धी जिम्मेवार सञ्चार रिपोर्टिङ अभिमुखीकरण कार्यक्रममा उनीहरूले जोड दिएका हुन् ।

स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा कृष्णप्रसाद पौडेलले आत्महत्या रोकथामका लागि जनचेतना अभिवृद्धि, जोखिम को समयमै पहिचान र स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचार, तस्बिर र भिडियोले मानसिक स्वास्थ्य समस्या भोगिरहेका व्यक्तिको सोच र व्यवहारमा प्रभाव पार्नसक्ने भएकाले संवेदनशीलता अपनाउनुपर्ने उहाँको भनाइ थियो। राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक डा राधिका थपलियाले आत्महत्या सम्बन्धी समाचारमा घटनाको सनसनीपूर्ण प्रस्तुति र विस्तृत विवरणभन्दा रोकथामका उपाय, सहयोग उपलब्ध हुने सेवा र आशाका सन्देशलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका शाखा प्रमुख शीला श्रेष्ठले आत्महत्या सम्बन्धी समाचार सम्प्रेषणका लागि तयार पारिएको 'सञ्चारकर्मी का लागि मार्गदर्शन, २०८०' का विषयमा जानकारी गराउनुभयो । उहाँले समाचारमा आत्महत्या रोकथामका उपाय, मनोसामाजिक परामर्श सेवा र राष्ट्रिय मानसिक स्वास्थ्य हेल्पलाइन नम्बर ११६६ समावेश गर्नुपर्ने बताउनुभयो ।

मानसिक अस्पतालका प्रमुख कन्सल्टेन्ट साइक्याटिक्स डा अनन्त अधिकारीले आत्महत्याको सोचबाट बाहिर निस्केर सामान्य जीवनमा फर्किएका व्यक्तिका अनुभव र सफलताका कथालाई सञ्चार माध्यमले प्राथमिकता दिनुपर्ने बताउनुभयो। आत्महत्याका प्रारम्भिक सङ्केत पहिचान गर्ने, जोखिममा रहेका व्यक्तिलाई सहयोग गर्ने र स्वास्थ्यकर्मी तथा मनो-परामर्शदातासँग परामर्श लिन प्रेरित गर्ने सामग्रीले जनचेतना बढाउन सहयोग पुग्ने उहाँको भनाइ थियो । प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालले आत्महत्या सम्बन्धी समाचार सम्प्रेषण गर्दा पत्रकार पूर्ण रुपमा आचारसंहिता पालना गर्नुपर्ने बताउनुभयो । घटनामा प्रयोग गरिएको विधि, स्थान, प्राविधिक विवरण, घटनासम्बन्धी तस्बिर, भिडियो तथा सुसाइड नोट सार्वजनिक नगर्न सञ्चारकर्मीलाई सुझाव दिइएको थियो । त्यस्ता विवरणले जोखिममा रहेका व्यक्तिलाई नक्कल गर्न प्रेरित गर्नसक्ने भएकाले समाचारलाई सनसनीपूर्ण बनाउने र अनावश्यक प्राथमिकता दिने प्रवृत्ति रोक्नुपर्नेमा जोड दिइएको थियो ।

आत्महत्यालाई प्रेममा असफलता, ऋणको तनाव वा परीक्षामा असफलताजस्ता कुनै एउटा कारणसँग मात्र जोडेर प्रस्तुत गर्न नहुने विज्ञहरूको भनाइ थियो ।

समाजलाई अति दलीयकरणबाट मुक्त गरौं : परियार

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को संसदीय दलका सचेतक प्रकाशचन्द्र परियारले समाजलाई अति दलीयकरणबाट मुक्त गर्न आग्रह गर्दै यस कार्यमा समाजिक सङ्गसंस्थाको भूमिका अहम हुने बताउनुभएको छ ।

मंगलबार सुनसरीमा तरहरा जेसीस सप्ताहको उद्घाटन गर्दै उहाँले सबैतिर राजनीतिकरण एवं दलीयकरणको दबदबाले अपेक्षति सामाजिक विकास हुन नसकेको औंल्याउनुभयो ।

अहिलेको समाज विस्तारै दलीयकरणतर्फ धकेलिइरहेको बताउँदै उहाँले मुलुकको युवा वर्गलाई सामाजिक विकास, उद्यमशीलता र राष्ट्रको हर क्षेत्रको नेतृत्वदायी भूमिकामा लाग्न प्रेरित गर्नुपर्नेमा जोड दिनुभएको हो ।

सचेतक परियारले सो क्रममा भन्नुभयो, "समाज अति दलीयकरण को मारमा परेको छ, कम्तिमा पनि सामाजिक पछ्युटेपन का विरुद्धमा लागिरहेका अगुवा सङ्गसंस्थाले आफूलाई यस्तो छाँयाबाट परै राख्न सकेमा समाजको गतीशीलता अझ बढ्दै जान्छ । मुलुकको बृहत्तर हितका लागि यो अब आवश्यक भइसकेको छ ।" सचेतक परियारले मुलुकको युवा वर्गलाई आफ्ना योग्यता र क्षमताअनुसार उद्यमशीलता र सिर्जनशीलताको अभियानमा लाग्न पनि आग्रह गर्नुभयो । जेसिजजस्ता संस्थाले नेपालको सामाजिक जागरण एवं युवा परिचालनका क्षेत्रमा पुर्याउँदै आएको योगदानको प्रशंसा गर्दै आफू पनि जेसीज अभियानको एउटा अङ्ग हुन पाएकामा गौरव महसुस गरेको धारणा उहाँले राख्नुभयो ।

त्यस अवसरमा तरहरा जेसीजका पूर्वअध्यक्ष, विभिन्न सङ्गसंस्थाका प्रतिनिधि, जेसीजका सदस्य एवं स्थानीय समाजसेवीले जेसिज जागरण र सामाजिक अभियानका बारेमा चर्चा गर्नुभएको थियो । मंगलबार सम्पन्न भएको उक्त कार्यक्रममा सचेतक परियारले त्यहाँ आयोजित प्रतियोगिताका विजयी सुरज तामाङ र प्रतिमा चौधरीलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

नेपाल-भारतबीच सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणमा सहकार्य गर्ने प्रतिबद्धता

कपिलबस्तु । नेपाल र भारतका सुरक्षा निकायबीच सीमा क्षेत्रमा हुने अपराध तथा अवैध गतिविधि नियन्त्रणका लागि समन्वय र सहकार्य बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ । सशस्त्र प्रहरी बल विन्ध्यवासिनी बाहिनी मुख्यालय रुपन्देहीको आयोजनामा यहाँ सम्पन्न दशौं प्रहरी नायब महा निरीक्षकस्तरीय समन्वयात्मक बैठकमा उक्त प्रतिबद्धता व्यक्त भएको हो । बैठकमा नेपाली पक्षको नेतृत्व सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपक अधिकारी र भारतीय पक्षको नेतृत्व सशस्त्र सीमा बलका डिआइजी बी विक्रमनले गर्नुभएको थियो । बैठकमा मानव तस्करी, लागुऔषध ओसारपसार, नक्कली मुद्रा कारोबार, चोरी निकासी तथा पैठारी र तेस्रो मुलुकका नागरिकको गैरकानुनी प्रवेश नियन्त्रणका विषयमा छलफल समेत भएको नायब महानिरीक्षक अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार सीमा क्षेत्रमा संयुक्त गस्ती, सूचना आदानप्रदान तथा सीमा स्तम्भको मर्मत सम्भारलाई प्रभावकारी बनाउने सहमति भएको छ। दुवै देशका सुरक्षा निकायबीच संयुक्त अभियान र खेलकुद गतिविधिलाई निरन्तरता दिइनेछ ।

बैठकमा गत वैशाख २२ गते भारतको रुपैडिहामा सम्पन्न नवौं बैठकका निर्णयको समीक्षासमेत गरिएको उहाँले बताउनुभयो । सहमतिका विषय कार्यान्वयन गर्न दुवै पक्ष सक्रिय हुनुपर्नेमा बैठकमा जोड दिइएको नायब महानिरीक्षक अधिकारीले जानकारी दिनुभयो । उहाँले भोटेकोशी बाढीपछि भारत सरकारले गरेको सहयोग तथा बाढीमा बगेका शवको खोजी र हस्तान्तरणमा सशस्त्र सीमा बलले पुर्याएको सहयोग प्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

भारतीय पक्षका डिआइजी विक्रमनले डिजिटल बोर्डर र बाहिनीस्तरमा सूचना आदान-प्रदानका लागि अनौपचारिक संयन्त्र विकास गर्ने प्रस्ताव राख्नुभएको जानकारी दिइएको छ ।

बैठकमा दुवै देशका सीमावर्ती सुरक्षा निकायका अधिकारीको सहभागिता थियो ।

प्रमुख सिँचाइ नहर प्रणाली पूर्ण क्षमतामा सञ्चालन

काठमाडौं । बाली उत्पादनको मुख्य सिजनमा मुलुकका प्रमुख सिँचाइ नहर प्रणाली पूर्ण क्षमतामा सञ्चालनमा आउने भएका छन् ।

किसानका खेतसम्म पर्याप्त पानी पुर्याउने उद्देश्यले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको जलस्रोत तथा सिँचाइ विभागले धानबालीलाई प्राथमिकता मा राखेर नहर सञ्चालन गरिरहेको छ । विभागका अनुसार सुनसरी-मोरङ सिँचाइ आयोजनाबाट ६८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । त्यसमध्ये ५५ हजार हेक्टरमा सतह सिँचाइमार्फत पानी उपलब्ध गराइएको छ ।

त्यस्तै, राजापुर सिँचाइ व्यवस्थापन कार्यालयले १४ हजार १३८ हेक्टर क्षेत्रफलमा सिँचाइ सेवा पुर्याइरहेको छ । कमला सिँचाइ प्रणाली, भेरी करिडोर र बृहत् दाङ उपत्यका सिँचाइ आयोजनाका नहर धानबाली का लागि निरन्तर सञ्चालनमा रहेका छन् । बाली लगाउने र उत्पादन गर्ने समयमा किसानलाई पानीको अभाव हुन नदिन निर्माण तथा मर्मतसम्भारका काम बाली भित्र्याएपछि गर्नेगरी कार्यतालिका मिलाइएको विभागले जनाएको छ । विभागका महा निर्देशक दिनेश रजौरियाका अनुसार धान बालीको सिजनमा किसानलाई नियमित पानी उपलब्ध गराउनु विभागको प्राथमिकतामा छ । सोहीअनुसार नहर सञ्चालनलाई निरन्तरता दिँदै निर्माणका कामलाई अनुकूल समयमा अघि बढाउने व्यवस्था गरिएको छ ।

यसैबीच, पछिल्लो समय विभिन्न क्षेत्रमा नयाँ सिँचाइ सुविधा विस्तार गरिएको छ। पोखरा (कास्की) अन्तर्गत ३५ हेक्टर, भेरी करिडोरमा १० हेक्टर र विराटनगर क्षेत्रमा तीन हेक्टरमा नयाँ सिँचाइ सुविधा थपिएको महानिर्देशक रजौरियाले जानकारी दिनुभयो । त्यस्तै, सिक्टा र बबई सिँचाइ आयोजनासहित गत भदौ मसान्तसम्म मुलुकभर करिब २०० हेक्टर नयाँ जमिनमा सिँचाइ सुविधा विस्तार भएको विभागले जनाएको छ । सिँचाइ प्रणालीको विस्तार र सञ्चालनले कृषि उत्पादन वृद्धि तथा किसानलाई खेतीपातीमा सहजता पुग्ने अपेक्षा गरिएको छ ।

पोखरा-मुग्लिन सडक स्तरोन्नति अन्तिम चरणमा

गण्डकी । पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ । उक्त सडकको पश्चिम खण्ड (पोखरा-जामुने)को भौतिक प्रगति ८६ प्रतिशत पुगेको आयोजना कार्यालयले जनाएको छ ।

पूर्वी खण्ड (जामुने-मुग्लिन) को काम पूरा गरी निर्माण कम्पनीले सडक हस्तान्तरण गरिसकेको उक्त खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले बताउनुभयो । "सडक विस्तार तथा स्तरोन्नतिको काम सकिएर त्रुटि सच्चाउने अवधि (डिएलपी) सुरु भइसकेको छ", उहाँले भन्नुभयो, "डिएलपीपछि थप पाँच वर्षसम्म सडक मर्मतसम्भारको जिम्मा पनि निर्माण कम्पनीकै रहन्छ।" इन्जिनियर पाण्डेका अनुसार कूल ४१.४५ किमि दूरीको उक्त खण्डमा दमौली र डुम्रे बजारमा गरी करिब दुई किमि सडक छ लेन र अन्यत्र चार लेनमा विस्तार तथा स्तरोन्नति गरिएको छ । पूर्वी खण्डमा साना-ठूला गरी १७ वटा पक्की पुल निर्माण भएको उहाँले बताउनुभयो ।

तनहुँको मादी नदीमा बन्ने 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको इन्जिनियर पाण्डेले बताउनुभयो । पाँच दशकअघि बनेको उक्त सडक विस्तार तथा स्तरोन्नतिको काम विसं २०७८ वैशाखदेखि सुरु भएको थियो । निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले रु छ अर्ब २१ करोड ३१ लाख लाखमा पूर्वी खण्ड निर्माणको जिम्मा पाएको थियो । गण्डकी प्रदेशको 'लाइफलाइन'का रुपमा रहेको उक्त सडक स्तरोन्नति भएसँगै सङ्घीय राजधानी काठमाडौं, चितवन लगायत गन्तव्यबाट पोखरा सम्मको यातायात सेवा सहज बनेको छ । निर्माणको चरणमा खेपेको धुलो र हिलोको सास्तीलाई बिर्सदै सर्वसाधारणले चार लेनको फराकिलो सडकमा यात्रा गर्न पाएका छन् ।

आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)का प्रमुख इन्जिनियर कृष्णबहादुर कुँवरले आगामी मङ्सिरभित्र काम सक्ने लक्ष्य लिइएको बताउनुभयो ।

पोखरा महानगरपालिका-१० अमरसिँहचोकदेखि सेती पुलसम्म, तालचोक र बूढीबजार क्षेत्रमा सर्भिस लेन कालोपत्रका लागि तयारी भइरहेको इन्जिनियर कुँवरले बताउनुभयो । निर्माणको काम सकिएपछि पश्चिम खण्डमा पनि एक वर्षसम्म त्रुटि सच्चाउने अवधि (डिएलपी)को चरण रहने उहाँले बताउनुभयो ।"

पूर्वप्रधानमन्त्री नेपालसहित ९७ जनाविरुद्ध मुद्दा दायर

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल सहित ९७ जनाविरुद्ध मंगलबार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

मोरङ जिल्लास्थित रिजाल क्यानिङ एण्ड कम्पनीको नाममा रहेको हदबन्दी छुट अन्तर्गतको सरकारी सार्वजनिक जग्गा बदनियत पूर्वक सट्टापट्टा तथा बिक्री गर्न छुट दिएर भ्रष्टाचार गरेको आरोपमा आयोगले पूर्वप्रधानमन्त्री नेपाल, तत्कालीन सङ्घीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृतिमन्त्री डा. मीनेन्द्रप्रसाद रिजाल सहित ९७ जनाविरुद्ध आरोपपत्र दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम रु ७३ करोड ४९ लाख ५६ हजार बिगो कायम गरी तत्कालीन प्रधानमन्त्री नेपाल सहितका प्रतिवादीसँग उक्त रकम असुल गर्न मागदाबी गरिएको छ ।

तत्कालीन मन्त्री रिजाल, भूमिसुधार तथा व्यवस्था मन्त्रालय का तत्कालीन सचिव छविराज पन्त, सहसचिव रमेशचन्द्र अधिकारी तथा उपसचिवद्वय गान्धीप्रसाद सुवेदी र हुपेन्द्रमणि केसीसहितका प्रतिवादी विरुद्ध पनि जनही रु ७३ करोड ४९ लाख ५६ हजार बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

त्यसैगरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्री डम्बर श्रेष्ठ र तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरेलाई बिगो असुलउपर गर्ने प्रयोजनका लागि मात्र प्रतिवादी बनाइएको प्रवक्ता न्यौपानेले संचारकर्मीलाई जानकारी दिनुभयो ।

आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख लगायत प्रचलित कानुनबमोजिम जग्गा जफत गर्न मागदाबी समेत लिएको छ । सोही प्रयोजनका लागि पनि केही व्यक्तिलाई प्रतिवादी बनाइएको आयोगले जनाएको छ ।

शुक्लागण्डकीमा अजिङ्गर भेटियो

दमौली (तनहुँ) । तनहुँको शुक्लागण्डकी नगरपालिका-२ सुन्दरी गाउँमा सोमबार साँझ घरभित्रै अजिङ्गर फेला परेको छ ।

स्थानीय नेत्रबहादुर राना को कच्ची घरको धुरीमा अजिङ्गर देखिएपछि प्रहरी र वन कार्यालयको टोलीले उद्धार गरेको हो ।

रानाको घरको धुरीमा अजिङ्गर रहेको खबर इलाका प्रहरी कार्यालय बेलचौतारामा प्राप्त भएको थियो । खबर प्राप्त हुनासाथ कोत्रे प्रहरी पोष्टबाट प्रहरी सहायक निरीक्षक रामचन्द्र पौडेलको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो ।

यसैगरी डिभिजन वन कार्यालय तनहुँबाट सशस्त्र वन रक्षक सहितको टोली उद्धारका लागि खटिएको थियो । प्रहरी र वन कार्यालयको संयुक्त टोलीले घरको धुरीमा रहेको अजिङ्गरलाई सुरक्षित रूपमा उद्धार गरेको प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

उद्धार गरिएको अजिङ्गर करिब दुई दशमलव पाँच मिटर लामो र १८ किलोग्राम तौलको रहेको प्रहरीले जनाएको छ ।

उद्धारपछि अजिङ्गरलाई आवश्यक व्यवस्थापनका लागि डिभिजन वन कार्यालय तनहुँ पठाइएको बताइएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com